DEMOCRACY RESOURCE CENTER



# पहिचान राजनीतिको पृष्ठभूमिमा इलाम उपनिर्वाचन

अंक ८ | वैशाख २०८१

## सारांश

इलाम प्रतिनिधिसभा निर्वाचन क्षेत्र नं. २ को उपनिर्वाचनमा १२ राजनीतिक दल र सात स्वतन्त्र उम्मेदवारसहित १९ जना चुनावी प्रतिस्पर्धामा थिए। चुनावी प्रतिस्पर्धा नेपाली काँग्रेसका उम्मेदवार डम्बरबहादुर खड्का, नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी-लेनिनवादी) [नेकपा (एमाले)] का उम्मेदवार सुहाङ नेम्वाङ, राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का उम्मेदवार मिलनकुमार योङहाङ लिम्बू र पहिचानवादीहरूको साझा स्वतन्त्र उम्मेदवार डकेन्द्र सिंह लिम्बू (थेगिम) बीच भयो। प्रमुख राजनीतिक दल र पहिचान पक्षधरहरूले यस उपनिर्वाचनलाई जनमत परीक्षण र प्रतिष्ठाका विषय बनाएका थिए। उम्मेदवारका पर्चा, प्रतिबद्धतापत्र वा घोषणापत्रमा कृषि तथा पर्यटन क्षेत्रको प्रवर्द्धनका साथै विभिन्न भौतिक पूर्वाधार निर्माणका मुद्दा प्राथमिकतापूर्वक उठाइएको थियो। चुनावी प्रतिस्पर्धामा नयाँ उम्मेदवार धेरै भए पनि उम्मेदवारले उठाएका मुद्दा भने पुरानै थिए। उपनिर्वाचनमा भाग लिएका प्रमुख राजनीतिक दलहरू नेपाली काँग्रेस, नेकपा (एमाले) र रास्वपाले पनि पहिचानमा विश्वास गर्ने मतदाता आफूतर्फ आकर्षित गर्न आफूहरू पहिचानविरोधी नभएको सन्देश दिन प्रयत्न गरिरहेका थिए। दलहरूले भड्किलो चुनाव प्रचारप्रसार शैली अपनाएका थिएनन्। प्रचारप्रसारका लागि उम्मेदवारहरूले डिजिटल माध्यमको बढी उपयोग गरेका थिए। वैशाख १५, २०८१ मा शान्तिपूर्ण रूपमा सम्पन्न उक्त निर्वाचमा ५९.९३ प्रतिशत मत खसेको थियो। उपनिर्वाचनमा नेकपा (एमाले) का सुहाङ नेम्वाङ विजयी भए।

## परिचय

इलाम-२ बाट निर्वाचित प्रतिनिधिसभा सदस्य सुवासचन्द्र नेम्वाङ र बझाङ-१(१) बाट निर्वाचित सुदूरपश्चिम प्रदेशसभा सदस्य पृथ्वीबहादुर सिंहको निधनपश्चात ती स्थान रिक्त थिए। प्रतिनिधिसभा तथा प्रदेशसभाको कार्यकाल छ महिनाभन्दा बढी बाँकी छँदै कुनै सदस्यको स्थान रिक्त भएमा त्यस्तो स्थानमा जुन निर्वाचन प्रणालीबाट पूर्ति भएको थियो सोही प्रक्रियाद्वारा पूर्ति गरिने संवैधानिक प्रावधान छ।[1] नेपाल सरकारसँगको परामर्शमा निर्वाचन आयोग नेपालले इलाम-२ र बझाङ-१(१) मा वैशाख १५, २०८१ मा उपनिर्वाचन गर्ने निर्णय गर्‍यो। सोही अनुरूप निर्वाचन सम्पन्न भई परिणामसमेत आइसकेको छ। इलाम-२ मा ६ स्थानीय तहका ४२ वडा पर्छन्।[2] यहाँ ५६,८६९ महिला, ५९,०१८ पुरुष र अन्य दुईसहित जम्मा १,१५,८८९ जना मतदाता छन्। अघिल्लो निर्वाचनपछि यहाँ ५४७ मतदाता थपिएका छन्।[3]

यस राजनीतिक परिवेश विश्लेषण इलाम-२ मा सम्पन्न उपनिर्वाचनमा केन्द्रित छ। यस विश्लेषणका लागि वैशाख ५–१२, २०८१ मा इलामका राजनीतिक दलका नेता तथा कार्यकर्ता, स्थानीय तहका जनप्रतिनिधि, प्राध्यापक, पत्रकार, कानून व्यवसायी, मतदाता साथै निर्वाचनसँग सम्बद्ध कर्मचारीसँग अन्तर्वार्ता गरिएको थियो। साथै, डीआरसीएनको अध्ययन टोलीले निर्वाचन प्रचारप्रसारका गतिविधिलाई अवलोकनसमेत गरेको थियो। यस राजनीतिक परिवेश विश्लेषणमा पूर्वप्रकाशित सामग्री पनि प्रयोग गरिएको छ।

## निर्वाचनको तयारी

निर्वाचन आयोग नेपालले फागुन १८, २०८० मा उपनिर्वाचनका लागि कार्यतालिका सार्वजनिक गरेको थियो।[4] त्यसै अनुरूप इलाम प्रतिनिधिसभा निर्वाचन क्षेत्र नं. २ मा उपनिर्वाचनको लागि उम्मेदवारको मनोनयन दर्ता

[1] नेपालको संविधानको धारा ८४ (७) र १७६ (८)।

[2] यसमा इलाम नगरपालिकाका वडा नं. १० बाहेक बाँकी ११ वडा, माइ नगरपालिकाका तीन वडा (६, ७ र ८), देउमाइ नगरपालिकाको सबै वडा (९), फाकफोकथुम गाउँपालिकाको सबै वडा (७), माङ्सेबुङ गाउँपालिकाको सबै वडा (६) र चुलाचुली गाउँपालिकाको सबै वडा (६) पर्छन्।

[3] सेतोपाटी। २०८१। इलाम-२ मा थपिए पाँच सय ४७ मतदाता। वैशाख ४। https://www.setopati.com/social/327262 मा उपलब्ध; वैशाख १०, २०८१ मा हेरिएको।

[4] निर्वाचन आयोग नेपाल। २०८०। प्रेस विज्ञप्ती : उपनिर्वाचन कार्यतालिका सम्बन्धमा। फागुन १४। https://election.gov.np/admin/public//storage/

चैत २४, २०८० मा सम्पन्न भएको थियो । १२ राजनीतिक दल र आठ स्वतन्त्र गरी २० उम्मेदवारले मनोनयनपत्र दर्ता गरेका थिए । तर स्वतन्त्र एक जनाले उम्मेदवारी फिर्ता लिएपछि १९ जना प्रतिस्पर्धामा थिए । निर्वाचन आयोग नेपालले चैत २७, २०८० मा उम्मेदवारको अन्तिम सूची प्रकाशन गरी निर्वाचन चिह्न वितरण गरेको थियो ।[५] साथै, आयोगले चैत २८, २०८० देखि निर्वाचन सम्पन्न नभएसम्मका लागि जिल्लाभर निर्वाचन आचारसंहिता लागू गरेको थियो ।[६]

उपनिर्वाचन हुने क्षेत्रका प्रत्येक वडामा दुई स्वयंसेवक खटाएर वैशाख ५–११, २०८१ सम्म मतदाता शिक्षा प्रदान गरिएको थियो । ती स्वंयसेवकलाई खटाउनु अगाडि एक दिने अभिमुखीकरण तालिम प्रदान गरिएको थियो । मतदाता शिक्षा प्रभावकारी र निष्पक्ष होस् भनी घरदैलोभन्दा सकेसम्म सार्वजनिक स्थलमा समूहमा मतदाता शिक्षा दिन निर्देशन दिइएको थियो ।[७] सोहीबमोजिम इलाम नगरपालिका वडा नं. ४ मा खटिएकी मतदाता शिक्षा स्वयंसेविका वेदकुमारी दुलालले चियापसल, चौतारामा भेला भएका नागरिकलाई मतदाता शिक्षा दिएको अनुभव सुनाइन् ।[८] उनले वैशाख ६ र ७ गते नेपाल सरकारले बालबालिकालाई भिटामिन ए खुवाउने कार्यक्रममा सहभागी अभिभावकलाई समेत भोट हाल्ने तरिका सिकाएकी थिइन् । मतदान कार्यको लागि पालिकाको भवनलगायत बत्ती, पानी, शौचालय, फर्निचर प्रयोग गर्न दिन भनी जिल्ला निर्वाचन कार्यालयले पालिकालाई अनुरोधपत्र पठाएको थियो । यस उपनिर्वाचनमा मतदाता परिचयपत्र वितरण गरिएन । इलामका जिल्ला निर्वाचन अधिकारीका अनुसार मतदाता परिचयपत्र महङ्गो पर्ने भएकोले यस पटक वितरण नगरिएको हो । अन्तिम मतदाता सूचीमा नाम हुने व्यक्तिले नागरिकता, राष्ट्रिय परिचयपत्र, राहदानी, स्थायी लेखा नम्बर परिचयपत्र, सवारी चालक अनुमतिपत्र आदि जस्ता परिचय खुल्ने कुनै एक सरकारी कागजातको सक्कल प्रतिका आधारमा मतदान गर्न पाउने व्यवस्था मिलाइएको थियो ।

मतदानका लागि ८९ ओटा मतदान स्थलमा १४९ ओटा मतदान केन्द्र थिए । ती मतदान केन्द्रमा मतदान अधिकृत र सहायक मतदान अधिकृत सहित पाँच कर्मचारीका साथै एक स्वयंसेवक पनि खटाइएको थियो ।

## प्रतिष्ठाको प्रतिस्पर्धा

इलाम-२ मा १२ राजनीतिक दल र सात स्वतन्त्र उम्मेदवारसहित १९ जना चुनावी प्रतिस्पर्धामा थिए ।[९] ५० प्रतिशत महिला मतदाता भएको इलामको यस क्षेत्रमा उम्मेदवार भने सबै पुरुष थिए । नेपाली काँग्रेस र नेकपा (एमाले) को जिल्ला समितिले आकांक्षी दुई-दुई जना महिला समेतको नाम सिफारिस गरे पनि ती दलले अन्ततः महिला उम्मेदवार छनोट गरेनन् ।

चुनावी प्रतिस्पर्धा नेपाली काँग्रेसका उम्मेदवार डम्बरबहादुर खड्का, नेकपा (एमाले) का उम्मेदवार सुहाङ नेम्वाङ, रास्वपाका उम्मेदवार मिलनकुमार योङहाङ लिम्बू र पहिचान पक्षधरहरूको साझा स्वतन्त्र उम्मेदवार डकेन्द्र सिंह लिम्बू (थेगिम) बीच भयो । यस निर्वाचनको परिणामले प्रतिनिधिसभाको अंक गणितमा महत्त्वपूर्ण अन्तर पार्दैन । यद्यपि, मंसिर २०७९ को निर्वाचनलगत्तै राजनीतिक दलहरूले २०८४ को आम निर्वाचनलाई लक्षित गर्दै संगठन सुधार र जनसम्बन्ध विस्तारका विभिन्न अभियान सञ्चालन गर्दै आएका थिए ।[१०] प्रमुख राजनीतिक दलहरूका साथै पहिचान पक्षधरका लागि यस उपनिर्वाचन ती अभियानका प्रभावका साथै जनमत परीक्षणको अवसर बनेको छ ।

नेपाली काँग्रेसले २०७९ मा सम्पन्न स्थानीय तह एवं प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचन दुवैमा पाँच दलीय गठबन्धनसहित भाग लिएको थियो ।[११] इलामको यो क्षेत्रमा त्यसबेला पनि नेपाली काँग्रेसबाट डम्बरबहादुर खड्का नै उम्मेदवार थिए । उनी नेकपा (एमाले) का सुवासचन्द्र नेम्वाङसँग ११४ को झिनो मतान्तरले पराजित भए । फागुन ७–१०, २०८० मा ललितपुरको गोदावरीमा भएको नेपाली काँग्रेसको महासमिति बैठकमा महामन्त्री गगनकुमार थापाको सांगठनिक प्रस्तावमा "भविष्यमा हुने आवधिक निर्वाचनहरूमा आफ्नै तागतमा एक्लै चुनाव लड्ने र नेपाली काँग्रेसको मतदातालाई चुनाव चिह्न रूखमा नै मत हाल्न पाउने अवस्था सुनिश्चित गर्दै भविष्यमा चुनावी गठबन्धन नगर्ने" उल्लेख छ ।[१२] नेपाली काँग्रेस कुनै दलसँग गठबन्धन नगरी एक्लै निर्वाचनमा सहभागी भएकोले नेपाली काँग्रेसका लागि महासमितिमा प्रस्तुत प्रस्ताव परख गर्ने अवसर बन्यो यो उपनिर्वाचन । प्रचारप्रसारका क्रममा नेपाली काँग्रेसका नेता शेखर कोइरालाले पनि इलाम-२ को उपनिर्वाचन परिणामले काँग्रेस एक्लै निर्वाचन लडेर जित्न सक्षम हुने र यसले कार्यकर्ताको मनोबल बढाउने बताएका

---

Press%20Release/2/press11-14.jpg मा उपलब्ध; वैशाख १७, २०८१ मा हेरिएको ।

[५] निर्वाचन आयोग नेपाल । २०८० । प्रेस विज्ञप्ती : उम्मेदवारको अन्तिम नामावली प्रकाशन गरी निर्वाचन चिह्न प्रदान गरिएको सम्बन्धमा । चैत १४ । https://election.gov.np/admin/public//storage/Press%20Release/प्रेस%20विज्ञप्ति_2080_12_27_1.pdf मा उपलब्ध; वैशाख १७, २०८१ मा हेरिएको ।

[६] निर्वाचन आयोग नेपाल । २०८० । प्रेस विज्ञप्ती : उपनिर्वाचन प्रयोजका लागि निर्वाचन आचार संहिता लागू हुने सम्बन्धमा । चैत २७ । https://election.gov.np/admin/public//storage/Bi-Election%202080/Press%20Release/Press%2012-27.jpg मा उपलब्ध; वैशाख १७, २०८१ मा हेरिएको ।

[७] वैशाख ६, २०८१ मा इलाम जिल्लाका निर्वाचन अधिकारी देवीचरण फुएँलसँग गरिएको कुराकानी ।

[८] वैशाख ९, २०८१ मा गरिएको कुराकानी ।

[९] राष्ट्रिय प्रजातन्त्र पार्टी नेपाल, राष्ट्रिय मुक्ति आन्दोलन नेपाल, नेकपा (एस), नेपाली काँग्रेस, नेशनल रिपब्लिक नेपाल, जनमत पार्टी, मंगोल नेशनल अर्गनाइजेसन, राष्ट्रिय स्वतन्त्र पार्टी, नेपाली जनता दल, राष्ट्रिय प्रजातन्त्र पार्टी, नेपाल मजदुर किसान पार्टी र नेकपा (एमाले) ।

[१०] डेमोक्रेसी रिसोर्स सेन्टर नेपाल । २०८० । *नेपालका राजनीतिक दलहरूको "संगठन सुधार र जनसम्बन्ध विस्तार अभियान"* । https://www.democracyresource.org/wp-content/uploads/2023/09/DRCN_The-Organization-Reform-and-Public-Relation-Campaign-by-the-Political-Parties-of-Nepal_PSU-2_Nepali_Septembe-2023-1.pdf मा उपलब्ध; वैशाख १५, २०८१ मा हेरिएको ।

[११] नेपाली काँग्रेस, नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र), नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) [नेकपा (एस)], लोकतान्त्रिक समाजवादी पार्टी र राष्ट्रिय जनमोर्चा नेपाल पाँच दलीय गठबन्धनमा आबद्ध थिए ।

[१२] थापा, गगनकुमार । २०८० । *नेपाली काँग्रेस महासमिति बैठकमा महामन्त्रीद्वारा प्रस्तुत सांगठनिक प्रस्ताव* । ललितपुर : नेपाली काँग्रेस ।

थिए ।[१३] नेपाली काँग्रेस इलाम जिल्ला कार्यसमितिका सचिव पूर्ण गौतमले महासमिति बैठकको मर्मलाई आत्मसात गर्दै र गुटगत मनोमालिन्यता बिर्सदै नेपाली काँग्रेसको सम्पूर्ण नेता तथा कार्यकर्ता उपनिर्वाचनको परिणाम आफ्नो पक्षमा पार्न लागिपरेको बताएका थिए ।[१४] नेपाली काँग्रेसका उम्मेदवार डम्बरबहादुर खड्का सभापति शेरबहादुर देउवा नजिक मानिए पनि देउवा इतरका महामन्त्री गगनकुमार थापा, शेखर कोइराला, प्रदिप पौडेल लगायतका नेताहरू खड्काको पक्षमा मत माग्न इलाम पुगेका थिए ।[१५]

नेकपा (एमाले) ले २०५६ सालको निर्वाचनदेखि अविच्छिन्न यस निर्वाचन क्षेत्रबाट विजय हासिल गर्दै आएको छ ।[१६] यस निर्वाचनमा पनि विजयलाई निरन्तरता दिन नेकपा (एमाले) प्रयत्नशील थियो । निर्वाचनमा नेकपा (एमाले) ले दिवंगत नेता सुवासचन्द्र नेम्वाङको छोरा सुहाङ नेम्वाङलाई उम्मेदवार बनाएको थियो । उपनिर्वाचन घोषणा हुनुभन्दा पहिले नेकपा (एमाले) मा उनको राजनीतिक योगदान केही पनि थिएन । त्यसैले सुहाङलाई उम्मेदवार बनाएर नेकपा (एमाले) ले वंशवादलाई प्रश्रय दिएको आरोप पनि लागेको थियो । दलमा रही लामो समय योगदान गरेका नेताहरूले अवसर नपाएपछि उनको उम्मेदवारीलाई लिएर नेकपा (एमाले) इलामभित्रै केही असन्तुष्टि थियो ।[१७] यद्यपि, नेपाली समाजमा राजनीतिक विरासत र सहानुभूतिको भावनाले पनि उल्लेख्य भूमिका खेल्ने हुनाले दलहरूले नेतृत्वको अवसानपछि परिवारकै सदस्य खोज्ने गरेका दृष्टान्त अनेकौँ छन् । यस्तो प्रवृत्ति नेकपा (एमाले) मा झन् धेरै छ । यसअघिका उपनिर्वाचनको नजिरलाई केलाउने हो भने पनि नेकपा (एमाले) ले सांसदको मृत्यु भई रिक्त भएको स्थानमा उनीहरूकै पारिवारिक सदस्यलाई उम्मेदवार बनाएका उदाहरण धेरै छन् । त्यसरी उम्मेदवार बनाइएका व्यक्ति निर्वाचनमा विजयी पनि भएका छन् ।

कोशी प्रदेशको पहाडी जिल्लाहरूमा अन्य दलको तुलनामा नेकपा (एमाले) को सांगठनिक आधार बलियो मानिन्छ । तर प्रदेशसभाबाट कोशी प्रदेश नामकरणमा नेकपा (एमाले) ले मुख्य भूमिका खेलेको आरोप लगाउँदै पहिचान पक्षधर राजनीतिक, सामाजिक एवं सांस्कृतिक संघसंस्थाले कोशी प्रदेशका जिल्लाहरूमा नेकपा (एमाले) लाई सांगठनिक गतिविधि गर्न अवरोध गर्दै आएका थिए । नेकपा (एमाले) भित्र जनजाति पृष्ठभूमिका कार्यकर्ता तथा समर्थक रुष्ट भएको पनि बताइन्थ्यो ।[१८] यी प्रतिकूलताका बाबजुद विजय निकाल्नु नेकपा (एमाले) को लागि चुनौतीपूर्ण र महत्त्वपूर्ण थियो ।

इलाम-२ मा अन्तर्वार्ता गरिएका मतदाताहरुले रास्वपा र पहिचान पक्षधर स्वतन्त्र उम्मेदवारप्रति पनि रुझान बढेको बताएका थिए । रास्वपाप्रति ग्रामीण भेगमा भन्दा सहरी भेगमा मतदाताको आकर्षण भएको बताइयो । देउमाई नगरपालिका-५ क्याबुङका कृषक थारसिंह लिम्बूले नयाँ दल तथा पहिचान पक्षधर स्वतन्त्र उम्मेदवारका कारण परम्परागत मत केही खलबलिएको बताए । मंसिर २०७९ को निर्वाचन तथा चितवन-२ र तनहुँ-१ को निर्वाचनबाट छोटो समयमा रास्वपाको उदय भयो । रास्वपाले पुराना दलको विकल्पको रूपमा आफूलाई प्रस्तुत गर्दै आएको छ । २०८४ मा हुने आमनिर्वाचनमा ठूलो दल बन्ने लक्ष्यसहित राजनीतिक गतिविधि गरिराखेको रास्वपाका सभापति रवि लामिछाने सहकारीको रकम ठगीमा संलग्न भएको आरोप प्रतिपक्षी दल नेपाली काँग्रेसले लगाइरहेको समयमा उपनिर्वाचन भएको थियो । लामिछानेको नाम पटकपटक विभिन्न प्रकरणमा आइरहेकाले इलामको यो उपनिर्वाचनमा त्यस दलको उम्मेदवारले प्राप्त गरेको मतले ती प्रकरणप्रति मतदाताको प्रतिक्रिया बुझ्न पनि सघाएको छ । साथै भविष्यमा त्यस दलको प्रभाव आकलन गर्ने आधार पनि दिएको छ ।

कोशी प्रदेश नामाङ्कनपछि विशेषतः पहिचान पक्षधर आदिवासी जनजातिहरूले त्यसको विरोधमा प्रदेशभरि आन्दोलन चर्काएका थिए । प्रदेशको नाम कोशी हुने भनी मतदान गर्ने प्रदेशसभा सदस्यका साथै कोशी नाम हुनुपर्ने भनी बोल्ने नेता तथा कार्यकर्ताले पहिचान पक्षधरबाट विरोधको सामना गर्नुपरेको थियो । अहिले भने प्रदेश सरकारसँग वार्ता गर्नका लागि कोशी प्रदेश नामाङ्कन खारेजीको आन्दोलन सुस्ताएको छ । *सेतोपाटी अनलाइन*का विराटनगरस्थित सम्वाददाता राजु अधिकारी भन्छन्, "नेकपा एमालेले मंसिर १४, २०८० बाट सञ्चालन गरेको तीन साता लामो झुलाघाट चिवाभञ्ज्याङ विशेष अभियानका क्रममा पहिचान पक्षधरको बलियो पकड छ भनिएको पाँचथर, तेह्रथुम लगायतका जिल्लामा नेकपा (एमाले) ले ठूला सभा गर्न सफल भयो । पहिचान पक्षधर अभियन्ताहरूले नेकपा (एमाले) को अभियान कोशी प्रदेश प्रवेश गरेपछि छिटफुट विरोध गरे । त्यो विरोधमा आम नागरिकको भने सहभागिता देखिएन । त्यसपछि नेकपा (एमाले) हौसिएको र पहिचान पक्षधरहरूको आन्दोलन रक्षात्मक अवस्थामा पुगेको छ ।"[१९] तर किरात याक्थुङ चुम्लुङकी केन्द्रीय महासचिव निरन्ती तुम्बापोको भने फरक तर्क छ । उनी पहिचान पक्षधर समुदाय सोही मुद्दासहित निर्वाचनमा सहभागी हुनु कोशी प्रदेश प्राप्ति वा पहिचान प्राप्ति संघर्षको अर्को रूप भएको बताउँछिन् ।[२०] पहिचानको मुद्दा पहिचान पक्षधर अभियन्तामा मात्र सीमित छ कि आम नागरिकलाई यो मुद्दाले छोएको छ भनेर मूल्यांकन गर्ने उपयुक्त

---

[१३] कान्तिपुर । २०८१ । उपनिर्वाचनले 'काँग्रेस एक्लै लड्न सक्षम छ' भन्ने सन्देश दिँदैछौँ : कोइराला । वैशाख ३ । https://ekantipur.com/news/2024/04/15/by-elections-are-sending-a-message-that-congress-is-capable-of-fighting-alone-koirala-40-50.html मा उपलब्ध; वैशाख १२, २०८१ मा हेरिएको ।

[१४] वैशाख ७, २०८१ मा गरिएको कुराकानी ।

[१५] कान्तिपुर । २०८० । काँग्रेसमा देउवाकै रोजाइका उम्मेदवार । चैत २३ । https://ekantipur.com/news/2024/04/05/deubas-preferred-candidate-in-congress-28-48.html मा उपलब्ध; वैशाख १२, २०८१ मा हेरिएको ।

[१६] इलाम प्रतिनिधिसभा क्षेत्र नं. २ मा पछिल्लो पटक नेपाली काँग्रेसले २०५१ को निर्वाचनमा जितेको थियो । त्यस बेला इलाममा ३ ओटा निर्वाचन क्षेत्र थिए । जसमध्ये प्रतिनिधिसभा निर्वाचन क्षेत्र नं. १ र ३ मा एमालेले जित्दा प्रतिनिधिसभा निर्वाचन क्षेत्र नं. २ मा नेपाली काँग्रेसका कुलबहादुर गुरुङ विजयी भए । २०५६ मा सुवास नेम्वाङ इलाम प्रतिनिधिसभा क्षेत्र नं. २ मा निर्वाचित भएसँगै नेपाली काँग्रेसले जित्न सकेको छैन । त्यस क्षेत्रमा २०६४, २०७०, २०७४ र २०७९ को निर्वाचनमा सुवास नेम्वाङले नै जितेका थिए ।

[१७] शिलापत्र । २०८० । प्रतिष्ठाको लडाइँमा इलाम-२ को उपचुनाव : विरासत जोगाउन सुहाङलाई धौ-धौ, मिलनको काँधमा रविको भविष्य ! चैत २५ । lhttps://shilapatra.com/detail/134142 मा उपलब्ध; वैशाख १०, २०८१ मा हेरिएको ।

[१८] डेमोक्रेसी रिसोर्स सेन्टर नेपाल । २०८० । *कोशी नामाङ्कन पश्चात् उठेको पहिचान आन्दोलन र यसको प्रभाव* । https://www.democracyresource.org/wp-content/uploads/2023/09/DRCN-Emergence-ofIdentity-Movement-after-the-Naming-of-Koshi-Province-and-Its-Potential-Implications-Political-Situation-Update-1_Nepal-Septermber-2023-2.pdf मा उपलब्ध; वैशाख १३, २०८१ मा हेरिएको ।

[१९] वैशाख १२, २०८१ मा गरिएको कुराकानी ।

[२०] वैशाख १०, २०८१ मा गरिएको कुराकानी ।

माध्यम यो उपनिर्वाचन हो। पहिचान पक्षधर स्वतन्त्र उम्मेदवार डकेन्द्र सिंह लिम्बू (थेगिम) लाई प्राप्त मतको आकारले पनि यसबारे धेरै कुरा भन्छ।

## चुनावी मुद्दा

उम्मेदवारका पर्चा, प्रतिबद्धतापत्र वा घोषणापत्रमा कृषि तथा पर्यटन क्षेत्रको प्रवर्द्धनका साथै विभिन्न भौतिक पूर्वाधार निर्माणका मुद्दा प्राथमिकतापूर्वक उठाइएको थियो। अन्तर्वार्ताका क्रममा चुनावी क्षेत्रका नागरिकहरूले चुनावी प्रतिस्पर्धामा नयाँ उम्मेदवार धेरै भए पनि उम्मेदवारले उठाएका मुद्दा भने पुरानै भएको बताए। महेन्द्र रत्न बहुमखी क्याम्पस इलामका उप-प्रध्यापकहरूसँग भएको सामूहिक छलफलमा इलाम-२ मा शिक्षा, स्वास्थ्य, सडक तथा खानेपानी आदि क्षेत्रको पूर्वाधार विकासको गति धिमा रहेको बताइयो। कृषि तथा पर्यटनको प्रचुर सम्भावना भए पनि वर्षौंदेखि सडकको स्तरोन्नति नहुँदा त्यहाँका नागरिकले त्यसको लाभ लिन नसकेको पनि उप-प्राध्यापकहरूको जिकीर थियो।[२१] एक यातायात मजदुरले पनि दलहरूको चुनावी मुद्दामा कुनै नयाँपन नपाएको बताउँदै भने, "सधैँ चुनावमा नेपाली काँग्रेसले संविधान, लोकतन्त्र र शान्तिको कुरा गर्छ। एमालेले २०५१ सालमा मनमोहन अधिकारी प्रधानमन्त्री हुँदा शुरू गरेको वृद्धभत्ताको मात्र कुरा गर्छ।"[२२] २०५६ सालदेखि लगातार यस क्षेत्रबाट निर्वाचन जितिरहेको नेकपा (एमाले) को जिल्ला कमिटी इलामले यस उपनिर्वाचनका लागि प्रकाशित गरेको प्रतिबद्धतापत्रमा आफ्नो दलको नेतृत्वमा यस निर्वाचन क्षेत्रमा भएका महत्त्वपूर्ण कार्यहरू ३६ बुँदामा समेटेको थियो। तीमध्ये १३ बुँदा सडकबारे थिए। ती सबै सडक निर्माणाधीन र स्तरोन्नति गर्नुपर्ने भएकाले ती पूरा गर्ने नेकपा (एमाले) ले प्रतिबद्धता जाहेर गरेको थियो। त्यसबाहेक कृषि, चिया र दूध व्यवसायमा संलग्न किसानको समस्या समाधान गर्ने, इलाममै गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउने आदि जस्ता योजना पनि प्रतिबद्धतापत्रमार्फत अघि सारिएको थियो।

अन्य दलको घोषणापत्रमा पनि सडक सुधार गर्ने, कृषि तथा पर्यटन व्यवसायलाई टेवा दिने जस्ता विकास र प्रगतिका अनेकौँ आश्वासन समेटिएका थिए। चिया र दूध उत्पादक कृषकले भोगिरहेको समस्या समाधान गर्नेबारे पनि ती घोषणापत्र वा प्रतिबद्धतापत्रमा उल्लेख गरिएको थियो। नेताले मत माग्दा गरिएको प्रतिबद्धताअनुसारको व्यवहार चुनाव जितेपछि भने नगरेको अनुभव मतदाताको थियो। इलाम नगरपालिका-४ बरबोटेका कृषकहरूले यसपालि हिउँदमा पानी नपरेकोले चियापत्तीको गुणस्तर कम भएको बताउँदै अघिल्लो पटक निर्वाचनको प्रचारप्रसारमा आउँदा उम्मेदवारहरूले सिँचाइको लागि पाइप जडान गरिदिने बाचा गरे पनि पूरा नभएको बताए।[२३] त्यसबाहेक कृषकले मिहिनेत र लागत मूल्य अनुसार चियापत्तीको मूल्य नपाएको गुनासो गरे। दूध उत्पादक किसानले दुध बेचेको पैसा भुक्तानी नभएको जानकारी दिए। फाकफोकथुम गाउँपालिका एकतप्पाका मतदाताहरूले ठेकेदारले समयमा सडक स्तरोन्नति नगर्दा वर्षातमा घरमा पानी पसेर लड्ने चिन्ता व्यक्त गरेका थिए। नयाँ दलको रूपमा उदाएको रास्वपासँग पनि कुनै नवीन मुद्दा नभएको सुशासन र भ्रष्टाचारको विरोध जस्ता अमूर्त एजेण्डा उठाएको तर सुशासन कसरी कायम हुन्छ ? भ्रष्टाचार कसरी कम हुन्छ ? भन्ने मार्ग चित्र दिन नसकेको महेन्द्र रत्न बहुमुखी क्यापसका प्राध्यापकहरूले जिरह गरे। अन्तर्वार्ता गरिएका यातायात मजदुरहरूले सुशासनको नारा दिएर उदाएको रास्वपाका सभापति सहकारीको रकम ठगीमा आरोपित भएको साथै सुन तस्करीको मुद्दामा संलग्नलाई कारवाही गर्न पनि गृहमन्त्रीले खुट्टा कमाउन थालेकोले नयाँ दलले केही गर्छ भन्ने विश्वास पनि कमजोर भएको बताए।[२४]

प्रदेश १ को नामाङ्कन प्रदेशसभाले कोशी प्रदेश पारित गरेपछि सो नाम खारेजीको माग राख्दै पहिचान पक्षधरले कोशी प्रदेशमा आन्दोलन चर्काएका थिए। सोही आन्दोलनका अगुवामध्ये एक डकेन्द्र सिंह लिम्बू (थेगिम) ले पहिचानको मुद्दा उठाउँदै उम्मेदवारी दिएका थिए। निर्वाचनमा मुद्दाको मात्र कुरा गर्ने हो भने पहिचानको मुद्दा उठाउने स्वतन्त्र उम्मेदवार डकेन्द्र सिंह लिम्बू (थेगिम) को मुद्दा स्पष्ट देखिएको वरिष्ठ अधिवक्ता जसबहादुर लुङ्गेलीले बताए।[२५] "पहिचानको मुद्दाप्रति आकर्षण तुलनात्मक रूपमा लिम्बू समुदायमा सबैभन्दा बढी र त्यसपछि राई समुदायमा छ। त्यसबाहेकका अन्य समुदायमा यसको प्रभाव कम छ" उनले थपे। त्यस्तै तर्क महेन्द्र रत्न बहुमुखी क्यापसका मानवशास्त्रका प्राध्यापक जीवनमणि दुलालको पनि थियो।[२६] कोशी प्रदेश नामाङ्कन खारेजीको मुद्दा जनस्तरसम्म लैजाने अवसरको रूपमा यो उपनिर्वाचन बनेको पाइयो। उपनिर्वाचनमा भाग लिएका प्रमुख राजनीतिक दलहरू नेपाली काँग्रेस, नेकपा (एमाले) र रास्वपाले पनि पहिचानमा विश्वास गर्ने मतदाता आफूतर्फ आकर्षित गर्न आफूहरू पहिचानविरोधी नभएको सन्देश दिन प्रयत्न गरिरहेका थिए। नेपाली काँग्रेसका उम्मेदवार डम्मरबहादुर खड्काले आफ्नो चुनावी पर्चामा पहिचानको लडाईलाई सबैको साझा लडाईको रूपमा उल्लेख गर्दै उनकै पहलमा नेपाली काँग्रेसका प्रदेश नं. १ का १४ ओटै जिल्ला सभापतिले नेपाली काँग्रेस प्रदेश कार्यसमिति, केन्द्रीय कार्यसमिति र प्रदेश सभालाई विज्ञप्ति र प्रतिनिधि मण्डललाई दबाब सिर्जना गरी वार्ताको प्रयास गरेको दावी गरेका थिए। उनले नेपाली काँग्रेस पहिचानको पक्षमा दृढतापूर्वक उभिने विश्वास पनि दिलाएका थिए। उनको चुनावी पर्चामा कोशी प्रदेश भन्ने नाम उल्लेख नगरी प्रदेश नं. १ नै उल्लेख गरिएको थियो। नेकपा (एमाले) का उम्मेदवार सुहाङ नेम्वाङले नेकपा (एमाले) सधैँ आदिवासी, जनजातिका हक अधिकार सुनिश्चित गर्ने काम गरिराखेको दावी गर्दै महागुरु फाल्गुनन्दलाई राष्ट्रिय विभूति बनाउने मुख्य जिम्मेवारी एमालेले निर्वाह गरेको बताए।[२७] त्यस्तै रास्वपाको उम्मेदवार मिलन योङहाङ लिम्बूको वाचापत्रमा विभिन्न धार्मिक, जातीय, क्षेत्रीय विभेदको अन्त्य सहित सनातन सभ्यता र संस्कृति पहिचानको संरक्षण गर्ने उल्लेख थियो। उनले चुनावको प्रचारप्रसारको लागि तयार पारेको श्रव्यदृश्य

---

[२१] वैशाख ७, २०८१ मा गंगाराम पौड्याल, गन्ज बोहरा, कमल अधिकारी, केन्द्र खत्री, राजु न्यौपाने, मधुर गड्तौला, युवराज खतिवडा र जीवनमणि दुलालसँग महेन्द्र रत्न बहुमुखी क्याम्पस इलाममा गरिएको कुराकानी।

[२२] वैशाख ६, २०८१ मा गरिएको कुराकानी।

[२३] वैशाख ७, २०८१ मा गरिएको कुराकानी।

[२४] यातायात मजदुरहरूसँग ६ वैशाख, २०८१ मा कुराकानी गरिएको थियो।

[२५] वैशाख ६, २०८१ मा गरिएको कुराकानी।

[२६] वैशाख ७, २०८१ मा गरिएको कुराकानी।

[२७] नेम्वाङ, सुहाङ। २०८१। एमाले कहिल्यै पहिचान विरोधी होइन (पर्वत पोर्तेलसँग अन्तर्वार्ता)। *कान्तिपुर*, वैशाख १२। https://ekantipur.com/Interview/2024/04/24/interview-uml-is-never-anti-identity-11-01.html मा उपलब्ध; वैशाख १३, २०८१ मा हेरिएको।

सामग्रीमा पहिचानको विषयलाई यसरी समावेश गरेका थिए "म मिलन हो पहिचान र विकासको...म यहि जन्मेको यही माटोमा हुर्के बढेको, पुर्खा, पहिचान र सभ्यताको मुन्धुम पढेको।"[२८]

## प्रचारप्रसार

मंसिर २०७९ को आमनिर्वाचनमा प्रचारप्रसारका लागि १७ दिन समय दिइए पनि यस उपनिर्वाचनमा भने १५ दिन मात्र थियो। उम्मेदवारहरूले चुनाव प्रचारप्रसारको पूरातन शैली जस्तै कोणसभा, आमसभा, घरदैलोलाई पनि निरन्तरता दिएका थिए। तर चुनाव प्रचारप्रसारका त्यस्ता शैली विगतको निर्वाचनको तुलनामा कम प्रयोग गरिएको साथै कुनै पनि दलले भड्किलो प्रचारप्रसार नगरेको स्थानीयहरूले बताए। प्रचारप्रसारका लागि उम्मेदवारहरूले डिजिटल माध्यमको बढी उपयोग गरेका थिए। नेपाली काँग्रेसका कार्यकर्ताहरू वडातहसम्म प्रतिनिधि नै तोकेर निर्वाचनको प्रचारप्रसारमा खटिएको भेटिन्थ्यो। नेकपा (एमाले) ले पनि वडा तहसम्म चुनावी समीकरणमा आबद्ध दल नेकपा (माओवादी केन्द्र), नेकपा (विप्लव) सहित चुनावी प्रचारप्रसारको टोली गठन गरेको थियो। संगठन बनिनसकेकोले रास्वपाले भने इलाम वरिपरि पर्ने पाँचथर, झापा, ताप्लेजुङ, लगायतका जिल्लाका नेतालाई पालिका नै तोकेर प्रचारप्रसारको जिम्मा दिएको थियो। विभिन्न प्रदेशबाट आउने रास्वपाका नेता तथा कार्यकर्तालाई छुट्टाछुट्टै पालिकामा प्रचारप्रसारको लागि तोकिएको थियो। पहिचान पक्षधर स्वतन्त्र उम्मेदवार डकेन्द्र सिंह लिम्बू (थेगिम) को प्रचारप्रसारमा विभिन्न आदिवासी जनजाति सम्बद्ध सामाजिक-सांस्कृतिक संघसंस्था तथा संयन्त्र परिचालित थिए।

चुनाव प्रचारप्रसारको लागि केन्द्रीय स्तरका नेताको दौडधुप इलाममा देखिन्थ्यो। नेकपा (एमाले) का अध्यक्ष केपी ओली देउमाई नगरपालिकाको मंगलबारे र चुलाचुलीको प्रचारसभामा सहभागी भएका थिए। नेपाली काँग्रेसका महामन्त्री गगनकुमार थापा इलाम नगरपालिकाको साँखेजुङमा घरदैलो कार्यक्रममा सहभागी हुनुका साथै इलाम नगरपालिकाकै चोक बजारको आमसभामा सम्बोधन गरेका थिए। राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) का प्रवक्ता ज्ञानेन्द्रबहादुर शाही इलाम बजार, देउमाई नगरपालिकाको मंगलबारे र माङ्सेबुङ गाउँपालिकाको गजुरमुखीमा कोणसभा तथा घरदैलोमा सहभागी भएको भेटियो।

नेपाली काँग्रेस जिल्ला कार्यसमितिका सचिव पूर्ण गौतमले नेपाली काँग्रेसले विगतमा जस्तो आमसभामा धेरै मान्छे भेला गरेर शक्ति प्रदर्शनमा समय र स्रोत खर्च नगरेको बताए।[२९] तर महेन्द्र रत्न बहुमुखी क्याम्पसका उपप्राध्यापकहरू भने राजनीतिक दलप्रति नागरिकको वितृष्णाको कारण दलको सभामा नागरिकको उपस्थिति नै पातलो हुँदै गएकोले पनि दलहरू ठूलो चुनावी सभामा कम आकर्षित भएको दावी गरे।

यस उपनिर्वाचनमा आम मतदाता र राजनीतिक दलका प्रतिनिधिले प्रचारप्रसारका लागि डिजिटल माध्यमको प्रयोग अघिल्लो निर्वाचनमा भन्दा धेरै भएको अनुभव सुनाए। चुनाव प्रचारप्रसारमा आमसभा, र्‍याली लगायतका गतिविधिमा स्रोतसाधन बढी खर्च हुने भएकोले उम्मेदवारहरू डिजिटल माध्यममा आकर्षित भएको राजनीतिक दलका प्रतिनिधि तथा राजनीतिक दलका डिजिटल माध्यम व्यवस्थापनमा संलग्न व्यक्तिहरूले बताए। अर्कातिर, यसरी डिजिटल माध्यममार्फत मतदातासम्म सहज तरिकाले पुग्न सकिने हुनाले पनि यसको उपयोग बढेको हो। डिजिटल माध्यममार्फत चुनाव प्रचारप्रसार गर्न नेपाली काँग्रेस र रास्वपाका उम्मेदवारले काठमाडौँबाट नै त्यससम्बन्धी सीप भएका व्यक्तिहरू झिकाई परिचालन गरेका थिए। नेपाली काँग्रेसको चुनाव प्रचारप्रसारमा कन्टेन्ट क्रियटर, क्यामरापर्सनसहित आधा दर्जन मानिस डिजिटल प्रविधिमार्फत चुनाव प्रचारप्रसारमा खटिएको उक्त दलका जिल्ला कार्य समितिका सचिव पूर्ण गौतमले जानकारी दिए।[३०] रास्वपाले चुनावी प्रचारप्रसारका दुई रणनीतिकार, चार क्यामरापर्सन, तीन भिडियोएडिटर, एक कन्टेन्ट क्रियटर, एक सामाजिक सञ्जाल व्यवस्थापक र एक चालकसहित १२ जनशक्ति डिजिटल प्रविधिमार्फत चुनाव प्रचारप्रसारमा खटाएको बताइयो।

मतदाताहरूले पनि विभिन्न नेताको चुनावी गतिविधि र अभिव्यक्ति सामाजिक सञ्जालमार्फत नै थाहा पाएको बताएका थिए। सामाजिक सञ्जाल र इन्टरनेटमा परिचित साथै पहुँच भएको जमात सीमित भएको तर त्यसले अन्य मतदातालाई प्रभाव भने पार्न सक्ने तर्क वरिष्ठ अधिवक्ता जसबहादुर लुङ्गेलीको थियो।[३१] साथै डिजिटल माध्यमको प्रचारप्रसारले विदेशमा बस्ने नेपाली नागरिकहरू माझ सन्देश पुर्‍याएर तिनीहरूले आफन्तलाई कुन दल वा उम्मेदवारलाई मतदान गर्ने भनेर प्रभावित गर्ने कार्य बढेको पनि अन्तर्वार्ताका क्रममा धेरैले बताए। भविष्यमा हुने चुनाव प्रचारप्रसारमा डिजिटल प्रविधिको प्रयोग बढ्न सक्छ।

## निर्वाचन आचारसंहिता

यस उपनिर्वाचनमा प्रचारप्रसारमा तडकभडक कम भएको नागरिकहरूले बताए। उम्मेदवारहरूले आचारसंहिताभित्र रहेर नै सवारी साधनमा साउण्ड सिस्टमको प्रयोग गरी चुनाव प्रचारप्रसार गरिराखेको भेटिन्थ्यो। विगतमा जस्तो दलको चुनाव चिह्न, झण्डा, टिसर्ट, क्याप लगायतका सामग्री प्रयोग गरिएको पाइएन। चुनावी र्‍याली पनि अत्यन्त कम थियो। उम्मेदवारको झण्डा, ब्यानर, चुनाव चिह्नको प्रयोग आचारसंहिताभित्र रही सीमित प्रयोग गरिएको थियो। इलाम जिल्ला निर्वाचन अधिकारी देवीचरण फुएँलका अनुसार वैशाख ७ गतेसम्म आचारसंहिता उल्लङ्घनका दुई उजुरी परेका थिए। तीमध्ये कुनै एक दलले आचारसंहिताले तोकेको भन्दा ठूलो ब्यानर राखेकोले सो दललाई स्पष्टीकरण सोध्नुका साथै ब्यानर पनि हटाउन लगाएको उनले बताए। त्यस्तै एआइको प्रयोग गरेर भ्रामक सामग्री प्रयोग गरेको उजुरी परेपछि उक्त सामग्री हटाउन लगाइएको थियो। निर्वाचनमा सामाजिक सञ्जालको प्रयोग व्यापक हुँदै गएपछि त्यहाँ पनि आचारसंहिता

[२८] लिम्बु, मिलन। सन् २०२४। इलाम-२ का सचेत नागरिकहरूमा हार्दिक अपिल ! आफ्नो मताधिकारको सदुपयोग गर्नुहोला। https://fb.watch/rNAlCXx3o7/ मा उपलब्ध, वैशाख १२, २०८१ मा हेरिएको।

[२९] वैशाख ७, २०८१ मा गरिएको कुराकानी।

[३०] वैशाख ७, २०८१ मा गरिएको कुराकानी।

[३१] वैशाख ६, २०८१ मा गरिएको कुराकानी।

उल्लङ्घन नहोस् भनी निर्वाचन आयोगले प्रेस विज्ञप्ति निकालेको थियो। सामाजिक सञ्जालको प्रयोग गरेर गलत, द्वेषपूर्ण र भ्रामक सूचना प्रकाशन तथा प्रशारण नगर्न सचेत गराइएको थियो।

## मतदान, गणना र नतिजा

वैशाख १५, २०८१ मा बिहान ७ बजेदेखि साँझ ५ बजेसम्म शान्तिपूर्ण रूपमा सम्पन्न उपनिर्वाचनमा जम्मा ६९,४४९ मतदाताले मतदान गरेका थिए जुन कूल मतदाताको ५९.९३ प्रतिशत हो। तीमध्ये ३५,३३४ पुरुष, ३४,११३ महिला र अन्य दुई थिए। मतदान सकिएपछि इलाम नगरपालिकाको गौतम बुद्ध सभागृहमा सबै मतदान केन्द्रको मतपेटिका ल्याइएको थियो। वैशाख १६, २०८० मा बसेको सर्वदलीय बैठकले बिहान ११ बजेबाट मतगणना गर्ने निर्णय गरेको थियो। मतगणना स्थलमा तारजाली लगाइएको थियो। सर्वदलीय बैठकले मतगणनाको क्रममा आउने व्यवधानलाई आपसी छलफल र सहमतिबाट टुंगो लगाई मतगणनालाई निरन्तरता दिने पनि निर्णय गरेको थियो।

इलाम-२ मा नेकपा (एमाले) का सुहाङ नेम्बाङ २७,७७२ मतसहित विजयी भए। त्यस्तै उनका निकटतम् प्रतिस्पर्धी काँग्रेसका डम्बरबहादुर खड्काले २१,९४२ मत ल्याए। तेस्रो स्थानमा रहेका पहिचान पक्षधर स्वतन्त्र उम्मेदवार डकेन्द्र सिंह लिम्बू (थेगिम) ले ११,४५७ मत ल्याए। यी तीनबाहेक १६ जना उम्मेदवारको धरौटी जफत भएको थियो। आफ्नो क्षेत्रमा खसेको मतमध्ये कुल सदर मतको १० प्रतिशत मत नकटाउने उम्मेदवारको धरौटी जफत हुने कानुनी व्यवस्था रहेको छ। इलाम-२ मा ६९,३७४ मत खसेकोमा ६८,४७२ मत सदर भएको थियो। त्यसअनुसार धरौटी जोगाउन कम्तीमा ६,८४७ मत ल्याउनुपर्थ्यो। बदर मतको संख्या ९०२ थियो।

## निष्कर्ष

इलाम-२ को उपनिर्वाचनमा सहभागी १९ उम्मेदवारमध्ये राष्ट्रिय राजनीतिमा प्रभावशाली मानिएका कोही थिएनन्। यहाँको मत परिणामले प्रतिनिधिसभाको अंक गणितमा तात्विक अन्तर पनि पर्दैन। तर मिडियादेखि आमनागरिक सम्ममा यस उपनिर्वाचनबारे सर्वत्र चासो देखिएको थियो। पहिलेभन्दा धेरै प्रतिशत मत खस्नुले मतदातामा भएको उत्साहको समेत संकेत गर्छ।

उपनिर्वाचनका सबै उम्मेदवार पुरुष नै थिए। नेपालको संविधानले अंगीकार गरेको समानुपातिक समावेशिताप्रति दलहरूको बेवास्ताका कारण पहिलो हुने निर्वाचित हुनेतर्फ महिला उम्मेदवारी नगण्य हुने गरेको छ। निर्वाचन अयोग नेपालले सरकारलाई बुझाएको निर्वाचनसम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयकमा समेत महिलाको समानुपातिक समावेशिता सुनिश्चित गरिएको छैन। यसतर्फ निर्वाचन आयोगले विशेष ध्यान दिनुपर्ने देखिन्छ। अर्कातिर, उम्मेदवारी छनोटमा शीर्ष नेतृत्व हावी हुने अहिलेको अलोकतान्त्रिक पद्धतिमा सुधार आवश्यक छ। दलभित्र उम्मेदवार छनोटका लागि आन्तरिक प्राथमिक निर्वाचन एक विकल्प हुन सक्छ। यद्यपि, यससँगै समावेशिता सुनिश्चित गर्ने अन्य प्रावधान पनि आवश्यक देखिन्छ।

२०७९ को निर्वाचन लगत्तै प्रमुख राजनीतिक दलहरूले २०८४ को निर्वाचनलाई लक्षित गरेर राजनीतिक तथा सांगठनिक गतिविधि गरे। यो उपनिर्वाचन राजनीतिक दललाई आफ्नो गतिविधिको परिणाम मापन गर्ने आधार पनि हो। प्रमुख दलहरूले अगाडि सारेका नीतिगत विषय जनमतको कसीमा राखेर पर्गेल्ने र त्यसलाई आवश्यक सुधार गर्ने उपयुक्त अवसर उपनिर्वाचनले प्रदान गरेको छ। पहिचान पक्षधरको लागि पनि आफ्नो एजेण्डा जनजनमा लैजान निर्वाचनले सहयोग गरेको छ। नेपाली काँग्रेस, नेकपा (एमाले) र रास्वपा जस्ता दलले पनि मतदातालाई प्रभाव पार्न पहिचानको विरोधी नभएको सन्देश प्रवाह गरे। स्वतन्त्र उम्मेदवार डकेन्द्र सिंह लिम्बू (थेगिम) ले प्राप्त गरेको मतले कोशी प्रदेशमा पहिचान पक्षधरलाई भविष्यमा छुट्टै दल निर्माणको आधार पनि दिन सक्छ। त्यसैले प्रमुख राजनीतिक दल तथा पहिचान पक्षधरको लागि उपनिर्वाचन प्रतिष्ठाको विषय थियो।

राजनीतिक दलका निर्वाचनका मुद्दा नयाँ थिएनन् र एकको भन्दा अर्कोको ज्यादै भिन्न पनि थिएनन्। साथै यसअघिका निर्वाचनमा मतदातासँग गरिएको वाचाको कार्यान्वयन पक्ष कमजोर भए पनि यस निर्वाचनमा करिब ६० प्रतिशत मतदान भएको थियो। दलहरूप्रति निराशाका बाबजुद पनि नागरिकले शान्तिपूर्ण एवं स्वतन्त्र रूपमा मतदान प्रक्रियामा सहभागी हुनुले लोकतन्त्रलाई थप मजबुत पार्न सघाएको छ। अर्कोतर्फ उम्मेदवारहरूले तडकभडकबिना नै निर्वाचन आयोग नेपालले जारी गरेको आचारसंहिताभित्र रहेर शान्तिपूर्ण तरिकाले प्रचारप्रसारको कार्य गरे। निर्वाचनमा डिजिटल माध्यमको प्रयोग बढ्दै गएको पाइयो र आगामी निर्वाचनहरूमा यसको उपयोग अझ थपिने देखिन्छ। तर साइबर साक्षरता कमजोर भएका नेपाली मतदातामा यसले पार्ने प्रभावका सबै आयाममाथि गहिरो अध्ययन जरुरी छ। त्यसैका आधारमा विशद आचारसंहिता निर्माण गर्नुपर्छ। भ्रमपूर्ण सूचनाको नियमन कसरी गर्ने, व्यक्तिगत लाञ्छना र गालीगलौजलाई कसरी नियन्त्रण गर्ने अनि यस्ता कार्यमा संलग्न व्यक्तिलाई कसरी दण्ड जरिवाना गर्ने भन्नेबारे समेत व्यापक बहस आवश्यक छ।

◆◆◆

सन् २०१४ मा स्थापित डेमोक्रेसी रिसोर्स सेन्टर नेपाल (डीआरसीएन) सामाजिक र राजनीतिक विषयमा अध्ययन-अनुसन्धान गर्ने राष्ट्रिय गैर-सरकारी संस्था हो। स्थापनाकालदेखि यस संस्थाले नेपालको संक्रमणकालीन राजनीतिमा संघीयता कार्यान्वयनको प्रक्रिया, स्थानीय तह पुनःसंरचना, निर्वाचन पर्यवेक्षण, जस्ता विषयमा स्थलगत र तथ्यमा आधारित अध्ययन-अनुसन्धान गरेको छ। डीआरसीएनले अध्ययन-अनुसन्धानका निष्कर्ष सरोकारवालाहरूसँग प्रस्तुत गर्ने, छलफल र बहस पनि चलाउने गरेको छ। यस्ता अनुसन्धान कार्य र बहसमार्फत नेपालको संघीय संरचना अन्तर्गत प्रभावकारी शासन पद्धतिको प्रवर्द्धन गर्नु डीआरसीएनको लक्ष्य हो।

DEMOCRACY RESOURCE CENTER
डेमोक्रेसी रिसोर्स सेन्टर नेपाल
कुपण्डोल, ललितपुर, नेपाल | फोन : +९७७-१-५९०२२८६
info@democracyresource.org | https://www.democracyresource.org/